२०७५, असार
सोमबार
१८

नेपालबाट महाधिवेशनमा भाग लिन लसभेगस पुगेका पुरुष लायन्सहरूले राष्ट्रिय पोशाक दौरासुरुवाल, कोट, टोपीसहित नेपालको राष्ट्रिय झण्डा र महिला लायन्सहरूले साडी, ब्लाउज र नेपालको राष्ट्रिय झण्डा फहराउँदै सहभागिता जनाएका थिए।



अवरुद्ध महाकाली राजमार्ग सुचारु

बैतडी, (नेस)

शनिबारदेखि बीच सडकमै ट्रक बिग्रेर अवरुद्ध बनेको महाकाली राजमार्गअन्तर्गत बैतडीको सतबाँझ-दार्चुला सडकखण्ड सुचारु भएको छ। बिग्रेको ट्रकको सामान र मिस्त्रीलाई धनगढीबाट बोलाई मर्मत गरेपछि आइतबार अपराह्न ४ बजेपछि राजमार्ग सुचारु भएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। राजमार्ग अवरुद्ध हुँदा रोकिएका एक दर्जन बढी सवारीसाधन तथा यात्रु आ-आफ्नो गन्तव्यतर्फ लागेका महाकाली यातायात बस काउन्टर सिल्लेगडाका बुकिङ इन्चार्ज दशरथ चन्दले जानकारी दिनुभयो।

शनिबार अपराह्न दाङबाट दार्चुलाका लागि सिमेन्ट लै जाँदै गरेको नाओख ३२६ नं को १० चक्के ट्रकको बायाँ साइडको अगाडिको चक्का सुर्नया गाउँपालिका-१ ढुंगाखानी नजिक एक्कासि भाँचिन गई सडक अवरुद्ध भएको थियो।

करेन्ट लागेर १ को मृत्यु, ४ घाइते

कञ्चनपुर, (नेस)

कञ्चनपुरको भिमदत्त नगरपालीका ३ तिलकपुर मालिका टोलमा विद्युतको करेन्ट लागेर १ जनाको मृत्यु भएको छ भने ४ जना घाईते भएका छन्।

पुरानो विद्युतको लाईनमा नयाँ पोलहरूमा जडान गर्ने क्रममा तारहरू ठोकिन गई करेन्ट उत्पन्न भएको र सोहि करेन्ट लागेर विद्युत प्राधिकरणका कर्मचारी लालझाडी गाउँपालिका ७ घर भएका २४ वर्षीय शिवराज राना को मृत्यु हो भने अन्य ४ जना बेलौरी नगरपालिकाका अनिल चौधरी, बेल्डाँडी नगरपालिकाका सन्दीप चौधरी, लालझाडी गाउँपालिकाका जोहरलाल राना र कैलाली-१७ उर्माका बालकिरण चौधरी घाईते भएका छन।

घाईतेहरूको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसके पछि उपचारका लागि कैलालीको सेती अञ्चल अस्पतालमा रिफर गरीएको छ।

सवारी दुर्घटना रोक्न चालकलाई 'टाइम कार्ड'

सलिम अन्सारी, प्युठान

सडक दुर्घटना न्यूनिकरण एवं यात्रुमैत्री सवारी व्यवस्थापनका लागि प्युठानमा पहिलोपटक 'ट्राफिक टाइम कार्ड' शुरु गरिएको छ। तीब्र गतिका कारण हुनसक्ने दुर्घटना टार्न जिल्लामा सञ्चालित म्याजिक, भ्यानलगायतका साना सवारी साधनको गति कम गर्न प्रहरीले 'टाइम कार्ड' प्रणाली लागू गरेको हो। निर्धारित दूरीसम्म पुग्न उक्त कार्डमा समय निर्धारण गरिने र सोही कार्डमा उल्लेखित समयभन्दा अघि पुग्न नपाउने नियम बनाइएको छ। टाइम कार्डमा सवारी छुटेको समय, रोकिने सडकका स्थान र अन्तिम गन्तव्यको दूरीका लागि समय निर्धारण गरिएको हुन्छ।

पहिलो चरणमा प्युठान (भालुवाङ सडकखण्डको ६८ किलोमिटर दूरीको पक्की सडकमा यो व्यवस्था गरिएको र बिस्तारै ट्रिपर र सार्वजनिक यातायातमा पनि ट्राफिक टाइम कार्ड लागू गरिने प्युठानका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलले बताए। प्रहरी तथा यातायात व्यावसायी समितिको पहलमा जिल्लाका सवारी साधनमा यो व्यवस्था लागू गरिएको हो।

पहाडी क्षेत्रका सडक अप्ठ्यारो हुने र त्यही सडकमा तीब्र गतिमा हाँक्दा दुर्घटनाको जोखिम बढी भएकाले सडकमा चल्ने साना सवारी साधनलाई टाइम कार्डको व्यवस्था गरिएको हो।

'मुख्यतः त्यसै पनि पहाडी मार्ग अप्ठ्यारा हुने र ती सडकमा तीब्र गतिमा कुदाउँदा दुर्घटनाको जोखिम बढी रहने भएकाले गति कम गर्न टाइम कार्डको व्यवस्था गरिएको हो।', जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब उपरीक्षक पो खरेलले भने- 'जिल्लाका विभिन्न स्थानमा चल्ने म्याजिकलगायतका साना सवारीसाधनलाई निश्चित समय उल्लेख गरेर टाइम कार्ड दिइन्छ। अनि सोही टाइम कार्डमा उल्लेख भएको समयअनुसार सवारीको गति भए-नभएको विभिन्न स्थानमा चेकजाँचको समेत व्यवस्था गरिएको छ।'

'छुट्नुपर्ने स्थानबाट टाइम कार्ड लिएर गाडी छुट्छन्', पोखेलले भने- 'सो कार्डमा उल्लेख भएअनुसार गाडीको गति भए-नभएको भनेर विभिन्न स्थानमा रहेका चेकपोस्टमा चेकजाँचको व्यवस्था गरिएको छ।' कार्डमा उल्लेखित समयभन्दा अघि नै निर्धारित स्थानमा पुग्ने सवारीलाई कारबाहीको समेत व्यवस्था गरिएको छ। पोखरेलका अनुसार क्षमताभन्दा बढी यात्रु राख्ने यस्ता साना सवारीलाई १५ सय जरिवाना तोकिएको छ। ट्राफिक नियमको उल्लंघन गर्ने जुनसुकै सवारी चालकलाई नियमानुसार कानुनी कारबाही गरिने उनले बताए।

शनिबारदेखि लागू गरिएको टाइम कार्डप्रणालीअनुसार दर्भानबाट सदरमुकाम खलंगासम्मका लागि ३ घन्टाको समय दिइएको छ। यो व्यवस्थाअनुसार ३ घन्टाभन्दाअघि पुग्ने सवारी साधनमाथि कारबाही हुनेछ। दर्भानदेखि खलंगासम्म बीचमा विभिन्न ५ स्थानमा टाइमकार्ड चेकजाँचको व्यवस्था गरिएको छ। त्यस्तै जिल्लाको चकचके भिड्री सडकमा पनि टाईम कार्ड लागू गरिएको छ।

बीचमा पर्ने चेक प्वाइन्टमा प्रहरीले टाइम कार्डमा उल्लेख भएअनुसार सवारी चले-नचलेको मात्रै नभई चालकलाई तीब्र गतिमा सवारी नकुदाउन सम्झाइबुझाइसमेत गर्ने गरिएको छ।

यसैगरी सिट क्षमताभन्दा बढी यात्रु राखे-नराखेकोसमेत चेकजाँच गर्ने गरिएको छ। टाइम कार्ड लागू भएको प्युठान जिल्लाभित्र दैनिक ६० भन्दा बढी म्याजिक तथा भ्यानले यात्रु ओसारपसार गर्छन्। टाईम कार्ड लागू गरिएका साना सवारीसाधनलाई यातायात व्यवसायी समितिले नै टाइमकार्ड उपलब्ध गराउने गरेका छन्।

तीब्र गति कम गर्न शुरु गरिएको यो व्यवस्थाले सवारी दुर्घटना कम हुने अपेक्षा गरिएको छ। निर्धारित स्थानमा पुग्न समय तोकिने भएकाले गतिमा मनपरी पनि नहुने र प्रतिस्पर्धासमेत नहुने भन्दै डीएसपी पोखरेलले भने- 'यो व्यवस्थाले जिल्लामा दुर्घटना कम हुनेछ।' प्रमुख जिल्ला अधिकारी डा. कृष्णबहादुर घिमिरेले चालकहरूले सवारी यात्रुहरूलाई गर्ने व्यवहारमा सुधार गर्नुपर्ने र प्रहरीले लागू गरेको ट्राफिक टाइम कार्डलाई अनिवार्य रूपमा कार्यान्वयन गर्न निर्देशन दिए।

गुणस्तरीय शिक्षा दिन नसक्नेलाई कारबाही

नेपाल समाचारपत्र

बुटवल

गुणस्तरीय शिक्षा दिन नसक्ने शिक्षण संस्था र शिक्षकहरूलाई कारबाही गर्ने निकाय राज्य भएकाले यस विषयमा राज्य मौन रहेको शिक्षा क्षेत्रका अगुवाले औंल्याएका छन्।

शिक्षामा गुणस्तर ल्याउन राज्य र राजनीतिक नेतृत्व गम्भीर हुनुपर्ने उनीहरूले बताएका छन्।

शिक्षाको गुणस्तर कमजोर बन्दै गएको स्वीकार्दै उनीहरूले गुणस्तरीय शिक्षा दिने दायित्व राज्यको भएको बताएका छन्।

रिपोर्टर्स क्लब प्रदेश नम्बर पाँचले आइतबार बुटवलमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्ने वक्ताले गुणस्तरीय शिक्षाका लागि राज्यले मापदण्ड बनाउनुपर्ने बताएका छन्। पाठ्यपुस्तक र पाठ्यक्रम वैज्ञानिक हुनुपर्ने शिक्षामा लगानी बढाउनुपर्ने र शिक्षकहरूको मनोबल बढ्ने गरी सेवासुविधा उपलब्ध गराउन सकिएमा शिक्षामा सुधार आउने उनीहरूको भनाइ छ।

गुणस्तरीय शिक्षाका लागि मिडियाहरूले राज्य र निजी क्षेत्रलाई खबरदारी गर्न जरुरी रहेको बताएका छन्। सोही कार्यक्रममा बोल्दै राष्ट्रिय परीक्षा बोर्ड बुटवलका प्रमुख टिकाराम अर्यालले सबै मिलेर शिक्षामा सुधार ल्याउनुपर्ने बताउनुभयो। उहाँले गुणस्तरीय शिक्षा दिनुको विकल्प नभएकाले आरोप प्रत्यारोपमा उत्रन नहुने बताउनुभयो। बुटवल उपमहानगरपालिकाका शिक्षा महाशाखाका प्रमुख लोकराज पन्थीले गुणस्तरीय शिक्षाका लागि नीतिगत स्पष्ट हुनुपर्ने बताउनुभयो।

प्याब्सन प्रदेश नम्बर पाँचका अध्यक्ष कृष्णप्रसाद खनालले शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा प्रणालीलाई परिवर्तन गर्नुपर्ने बताउनुभयो। उहाँले अहिलेको परम्परागत शिक्षा प्राणाली निजी क्षेत्रको बाधक रहेको बताउनुभयो।

कालिका माध्यमिक विद्यालयलका प्राध्यानाध्यापक घनश्याम पाठकले अंग्रेजी भाषा बोल्ने हुँदैमा र धेरै जीपीए आएको आधारलाई गुणस्तरीय शिक्षा मान्न नसकिने बताउनुभयो। उहाँले आफ्नो राष्ट्रियता, संस्कार, संस्कृति र व्यवहारसँग मेल खाने शिक्षालाई मात्र गुणस्तरीय शिक्षा भन्न सकिने बताउनुभयो।

व्याब्सनका केन्द्रीय सल्लाहकार लोकनाथ उपाध्यायले गुणस्तरीय शिक्षा दिएको निजी क्षेत्रलाई राज्यले चिन्न नसकेको बताउनुभयो।

शिक्षक महासंघका रूपन्देही उपाध्यक्ष मुक्तिप्रसाद भट्टराईले गुणस्तरीय शिक्षाका लागि पाठ्यक्रम र पाठ्यपुस्तक एउटै हुनुपर्ने बताउनुभयो।

नेपाल पुस्तक व्यवसायी महासंघका अध्यक्ष हरिप्रसाद अर्यालले शिक्षामा भएको सिन्डिकेटको अन्त्य गरेर शिक्षामा सुधार ल्याउन आवश्यक रहेको बताउनुभयो। अभिभावक संघ रूपन्देही अध्यक्ष लोकनाथ ज्ञवालीले शिक्षाको विकास र गुणस्तर कायम गर्नका लागि राजनीतिक नेतृत्व सुध्रन जरुरी रहेको बताउनुभयो। शिक्षा पत्रकार समूहका केन्द्रीय सदस्य कृष्ण मल्लले शिक्षामा मनपरी भएको बताउनुभयो।

कृषि क्याम्पसका विद्यार्थीबीच विविध प्रतियोगिता

नेपाल समाचारपत्र

लमजुङ

लमजुङ कृषि क्याम्पसमा अध्ययनरत विद्यार्थीबीचमा विविध प्रतियोगिता गरिएको छ। कृषिका विद्यार्थीहरूको विश्वव्यापी संगठन आईएएसको क्याम्पस कमिटी लमजुङले राष्ट्रिय धान दिवसको सन्दर्भमा सो प्रतियोगिता गरिएको हो।

'धान उत्पादनमा वृद्धि, राष्ट्रको समृद्धि' भन्ने नाराका साथ मनाइएको कार्यक्रममा हिलेदौड प्रतियोगिता, धान रोप्ने प्रतियोगिता, रिले दौड प्रतियोगिता, डोरी तान्ने प्रतियोगिता र कबडी खेल प्रतियोगिता गरिएको थियो। सो कार्यक्रममा लमजुङ कृषि क्याम्पसका निमित्त क्याम्पस प्रमुख कृष्ण पौडेलको प्रमुख आतिथ्यता रहेको थियो।

प्रतियोगिताको कबड्डी पुरुषतर्फ ध्रुवराज जोशी, श्रवणकुमार विष्ट, सोमनाथ योगी, मनोजकुमार गुप्ता र सुमन तामाङको समूह प्रथम भयो। महिला कबड्डीतर्फ अनुपा गैरे, अन्जना ढकाल, प्रिया शाही, सोनीका पौडेल, अमृता थापा, बबिता पोखरेलको समूह प्रथम भएको आईएएस क्याम्पस कमिटीका डाइरेक्टर बालकृष्ण दाहालले बताउनुभयो। उहाँका अनुसार रिले दौडमा महिलातर्फ सदीक्षा पोखरेल, सुस्मीता शर्मा, नीरेशा पराजुली र सम्झना मगरको समूह प्रथम भयो। त्यसैगरी डोरी तान्ने प्रतियोगितामा पुरुषतर्फ सुदीप थापा, कवीराज अवस्थी, हरि गिरी, भुपेन्द्र न्यौपाने, धुव्रराज जोशीको समूह प्रथम भयो भने महिलातर्फ प्रिया शाही, सीता आचार्य, ईशा पौडेल, प्रतीभा कार्कीको समूह प्रथम भएको छ।

विजयीहरूलाई मेडल र प्रमाणपत्र प्रादन गरिएको लमजुङ कृषि क्याम्पसका विद्यार्थी वीरेन्द्र तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार ती प्रतियोगितामा लमजुङ कृषि क्याम्पसमा अध्ययनरत २ सय जनाभन्दा बढी विद्यार्थीहरूले भाग लिएका थिए।

विश्वव्यापी कृषि विद्यार्थीहरूको संगठन आईएएस स्थानीय कमिटी लमजुङका डाइरेक्टर बालकृष्ण दाहालको अध्यक्षतामा भएको थियो।

अमेरिकामा निस्कियो नेपाली लायन्सको ज्याली

परेडमै बाँडियो नेपाल भ्रमणको निम्तो

नेपाल समाचारपत्र

पोखरा

लायन्स क्लब इन्टरनेसनलको १०१औं महाधिवेशन अमेरिकाको लसभेगसमा शुरु भएको छ। जुन २८ देखि जुलाई ३ सम्म ६ दिन सञ्चालन हुने महाधिवेशनमा २ सय १० राष्ट्रका लायन्स लिडरहरूको सहभागी रहेको छ।

महाधिवेशनले लायन वर्ष २०१८/०१९ का लागि नयाँ नेतृत्व चयन गर्नेछ। महाधिवेशनले एक वर्षे कार्यकालका लागि आइसल्याण्डका नागरिक गुजरोन बिजर्ट याङभाबाडोटरलाई सर्वसम्वत निर्वाचित गर्नेछ।

गत वर्ष अमेरिकाको सिकागोमा सम्पन्न १००औं महाधिवेशनले उनलाई प्रथम अन्तर्राष्ट्रिय भाइस प्रेसिडेन्टमा निर्वाचित गरेको थियो। उनी लायन वर्ष २०१८/०१९ का लागि लायन्स अन्तर्राष्ट्रियको सर्वसम्वत प्रेसिडेन्टका उमेदवार हुन्। याङभाबाडोटर सन १९९२ देखि लायन्स क्लबमा आवद्ध भई क्लबको भाइसप्रेसिडेन्ट, प्रेसिडेन्ट, जोन चियरपर्सन, डिस्ट्रिक गभर्नर, डिस्ट्रिक चियरपर्सन, मल्टिपल काउन्सिल चियर पर्सन, जीएमटी एरिया लिडर हुँदै अन्तर्राष्ट्रिय प्रेसिडेन्ट हुने सौभाग्य पाएका छन्। उनी नेपाली लायनवादका सुभचिन्तकसमेत हुन्।

३ वर्षअगाडि नेपाली लायनवादको इतिहासमै पहिलोपटक ई. सञ्जय खेतान अन्तर्राष्ट्रिय डाइरेक्टर पदमा निर्विरोध निर्वाचित भएका थिए। उनले अहिले लायन्स अन्तर्राष्ट्रियले सुम्पिएको जिम्मेवारी निर्वाह गर्दै नेपालको गौरव बढाएका छन्। अमेरिकाको लसभेगसमा जुन ३० देखि जुलाई ४ सम्म सञ्चालन हुने महाधिवेशनमा भाग लिनका लागि नेपालबाट करिब २ सय लायन्सहरूको सहभागिता रहेको डिस्ट्रिक डिपार्टमेन्ट चिफ मोहनबाबु खड्काले जानकारी दिए।

महाधिवेशनमा नेपालबाट निर्वाचित ४ वटा डिस्ट्रिकका डिस्ट्रिक गभर्नरहरूका साथै ठूलो संख्यामा नेपाली लायन्सहरूको सहभागी रहेको छ। महाधिवेशन शुरु हुनु अगाडि आयोजित ज्यालीमा नेपालबाट महाधिवेशनमा भाग लिन लसभेगस पुगेका पुरुष लायन्सहरूले राष्ट्रिय पोशाक दौरासुरुवाल, कोट, टोपीसहित नेपालको राष्ट्रिय झण्डा र महिला लायन्सहरूले साडी, ब्लाउज र नेपालको राष्ट्रिय झण्डा फहराउँदै सहभागिता जनाएका थिए। उनीहरूले नेपाल सरकारले सन २०२० मा नेपालमा २० लाख पर्यटक भित्र्याउन घोषणा गरेको भ्रमण वर्षको बारेमा समेत प्रचारप्रसार गरेको खड्काले बताए।

'सरकारले घोषणा गरेको भ्रमण वर्षलाई सघाउन हामीले अमेरिकाबाट प्रचार अभियान थालिसक्यौं' -खड्काले भने। खड्काका अनुसार नेपालका मल्टिपल काउन्सिल चियरपर्सन बालकृष्ण बुर्लाकोलीले विश्वमा लायन्सले गर्नुपर्ने सेवा, सदस्यता वृद्धि, सामाजिक उत्तरदायित्व र भूमिकालगायतका बारेमा २१० देशका सहभागी लायन्सहरूबीच आफ्नो भनाइ राखेका थिए।

वीरगन्ज-ठोरी हुलाकी मार्ग निर्माण कार्य अवरुद्ध

कृष्णउदास खनाल, वीरगन्ज

पर्साको वीरगन्ज-ठोरी हुलाकी सडकअन्तर्गत ठोरी गाउँपालिकाको चमरीहोलदेखि चौतारासम्मको ३० किलोमिटर सडकखण्डको काम अवरुद्ध भएको छ।

ठोरी गाउँपालिकाका बासिन्दाले सडक निर्माणको जिम्मेवारी पाएको कालिका र बानियाँ सेवा कम्पनीले गुणस्तरहीन काम गरेको भन्दै दबाब समूह गठन गरी विरोध गरेपछि सडकको काम अवरुद्ध भएको हो। बानियाँ सेवा कम्पनीले चमरीहोलदेखि आठघरेसम्मको झन्डै १० किलोमिटर सडक फराकिलो पारी माटो भर्ने काम सकेर ग्राभेल हाल्ने कामको शुरुआत गरेको थियो।

माटो कम भरेको, ग्राभेलको नाममा लेसाइलो माटो, बालुवा तथा ठूलाठूला ढुङ्गा प्रयोग गरिएको, निर्माण भइरहेका कल्भर्ट प्रयोगमा नआउँदै चर्किसकेको भन्दै स्थानीयहरू बानियाँ सेवा कम्पनीको विरोधमा उत्रिएका हुन्। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको हुलाकी सडकको काममा बानियाँ सेवा कम्पनीले चरम लापरबाही गरेकोले सामान्य वर्षा हुँदासमेत सवारी साधन

अहिले सञ्चालनमा आउन नसकेका कारण आफूहरू बाध्य भएर विरोधमा उत्रिएको दबाब समूहका संयोजक जयराम श्रेष्ठले बताए।

विकासका लागि निकास चाहिने देखेर स्थानीयले मुआब्जा पछि लिने गरी ठेकेदार कम्पनीलाई काम गर्न दिंदासमेत गुणस्तरीय काम नगरेकाले त्यसको विरोध गर्नुको विकल्प नभएको उनको तर्क छ। ठेकेदार कम्पनीलाई सडकको गुणस्तरीयताबारे पटकपटक सुझाव दिंदासमेत कुनै सुनुवाइ नगरेको उनले गुनासो गरे। सडकमा गाडी गुड्दा चिप्लिएर दुर्घटना हुने सम्भावना देखिएपछि सवारी साधन चलाउन नसक्ने वीरगन्ज-ठोरी सडकखण्डमा यात्रुवाहक बस चलाउँदै आएका चालकहरू बताउँछन्।

बाटोको बीचबीचमा कल्भर्ट बनाउनका लागि खनिएको खाल्डो र डाइभर्सनले दुर्घटनाको खतरा बढिरहेको श्रेष्ठले बताए। स्थानीयले वर्षायाम अघि नै सडक ग्राभेल भइसक्ने आशाका साथ बिनामुअब्जा सडक बनाउन जमिन उपलब्ध गराएका थिए।

नेपाल सरकार
शहरी बिकास मन्त्रालय
शहरी बिकास तथा भवन निर्माण बिभाग
डिभिजन कार्यालय, रुपन्देही

बोलपत्र स्वीकृती सम्बन्धी आशयको सुचना

प्रकाशित मिति : २०७५/०३/१८

यस डिभिजन कार्यालयबाट निर्माण कार्यको ठेक्काबाट निर्माण कार्य गराउनको लागि मिति २०७४।१२।३० गतेको सूचना बमोजिम यस कार्यालयमा प्राप्त हून आएका बोलपत्रदाताहरु मध्ये निम्न अनूसारको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनका लागि आशयको सुचना प्रकासित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कार्यको विवरण र स्थान	छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (भ्याट बाहेक)
१	१४।०७४।७५	हेभी इक्यूपमेण्ट भवन निर्माण, डिभिजन कार्यालय, बूटवल	श्री एशियाटिक इन्जिनियर्स एण्ड बिल्डर्स, बूटवल ५	२१६४५१८४।२२
२	१५।०७४।७५	खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय, कपिलबस्तू	श्री उच्चकोटी निर्माण सेवा, गोदावरी रोड, धनगढी	२४७२१८८३।७५

डिभिजन प्रमूख